माननीय सभापति ज्यू ।

संबिधानसभा, मौलिक अधिकार तथा राज्यको निर्देशक सिद्धान्त समिति ।

बिषय : संशोधन प्रस्ताव सम्बन्धमा ।

मौलिक अधिकार तथा राज्यको निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका मौलिक हक सम्बन्धी भागमा हामी निम्न लिखित सदस्यहरुले तल उल्लेखित बुँदामा निम्न बमोजिमको संशोधन प्रश्ताव पेस गर्दछौं ।

मौलिक हक तथा राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व समितिद्वारा प्रस्तुत मस्यौदामाथि आदिवासी जनजातिको संशोधन प्रस्तावहरु :

| विषय वस्तु (सिं. नं. थप) | संशोधन प्रस्तावः | व्याख्यात्मक टिप्पणीः |
|---|---|---|
| २५, आदिवासी जनजातिको हक : | (१) आदिवासी जनजातिहरुलाई **आत्मनिर्णय, जातीय स्वशासन र स्वायत्तताको हक हुनेछ ।** | सन् १९६६ को आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तरार्ष्टिय अनुबन्ध, नागरिक तथा राजनैतिक अधिकारको अन्तरार्ष्टिय अनुबन्धको धारा १, सन् १९८९ को अन्तरार्ष्टिय श्रम संगठनको अभिसन्धी नं. १६९ तथा संयुक्त राष्टसंघीय आदिवासी अधिकारको विश्व घोषणापत्र सन् २००७ को धारा ३ र ४ ले सो अधिकारको प्रत्याभूति गरेको तथा नेपालका आदिवासी जनजातिहरु लगभग साढे दुई सय वर्षदेखि राज्य दमन तथा शोषण, भूमि अपहरण, जातीय विभेद र अपमान, सांस्कृतिक, धार्मिक तथा भाषिक दमन, स्वायत्तता तथा सम्प्रभुताको अपहरणका सिकार भइ आएकाले उनिहरुको उत्थान र सशक्तिकरणको निमित्त आफ्नो पूख्यौलीभूमिमा स्वायत्त र स्वशासित भएर बस्ने आकांक्षा भएकाले आदिवासी जनजातिका लागि आत्म निर्णय, जातीय स्वशासन र स्वायत्तताको अधिकार प्रदान गर्नु न्यायपूर्ण भएकाले । |
| | **(२) राज्यको सबै तहका निकायहरुमा जातीय जनसंख्याको** | नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ मौलिक हक अन्तर्गत धारा २१ ले व्यवस्था |

| | | |
|---|---|---|
| | **आधारमा आदिवासी जनजातिहरुको समानुपातिक प्रतिनिधित्वको हक हुनेछ र प्रत्येक अति अल्पसंख्यक आदिवासी जनजाति समूहलाई विषेश प्रतिनिधित्वको र पहुँचको हक हुनेछ ।** | गरिसकेको र नेपालका आदिवासी जनजाति, महिला, दलित, मधेशी, पिछडा वर्ग र मुस्लिम लगायतका जनताले यो हक केही हदसम्म उपभोग समेत गरिआएका र यसवाट पछि हट्न प्रतिगामी हुने र आदिवासी जनजातिले समानुपातिक र समावेशी प्रतिनिधित्वको पक्षमा लगातार मत जाहेर गर्दै आएकाले । |
| | **(३) आदिवासी जनजातिहरुलाई प्रभावित पार्ने निर्णय गर्ने कुनै पनि निकायहरुमा उनिहरुलाई आफ्नै परम्परागत पद्धति र संस्था मार्फत प्रतिनिधित्व गर्ने हक हुनेछ ।** | सन् १९८९ को अन्तराष्ट्रिय श्रम संगठनको अभिसन्धी नं. १६९ जसलाई नेपालले अनुमोदन गरिसकेको छ र जो पक्ष राष्टहरुका लागि बाध्यकारी भएको तथा संयुक्त राष्ट संघीय आदिवासी विश्व घोषणापत्र २००७ द्वारा प्रबर्द्धित अधिकार भएकाले । |
| | **(४) आदिवासी जनजातिहरुलाई आफ्नो परम्परागत पूर्ख्यौलीभूमि, जंल, जंगल र जमिन लगायतको प्राकृतिक श्रोत साधनमाथि अग्राधिकार हुनेछ ।** | सन् १९८९ को अन्तराष्ट्रिय श्रम संगठनको अभिसन्धी नं. १६९ (दफा १३, १४, १५, १६, १७, १८ र १९) र संयुक्त राष्ट संघीय आदिवासी घोषणापत्र २००७ को दफा ८, १०, २५, २६, २७, २८, २९, ३० र ३२ द्वारा प्रबर्द्धित अधिकार भएकाले । |
| | **(५) आदिवासी जनजातिहरुलाई आफ्नो पहिचान, आध्यात्मिकता, रीतिथिति, जीवन शैलि, संस्था, ज्ञानशीपको अभ्यास र स्वव्यवस्थापन लगायत समग्र सांस्कृतिक सम्पदाकोजगेर्ना गर्नेर सम्वर्द्धन गर्नेसामुहिक एवं सामुदायिक हक हुनेछ ।** | सन् १९८९ को अन्तरार्ष्टिय श्रम संगठनको अभिसन्धी नं. १६९ जसलाई नेपालले अनुमोदन गरिसकेको छ र जो पक्ष राष्टहरुका लागि बाध्यकारी भएको तथा संयुक्त राष्ट संघीय आदिवासी विश्व घोषणापत्र २००७ द्वारा प्रबर्द्धित अधिकार भएकाले एवं नेपालले सहमति गरेको जैविक विविधता महासन्धीको दफा ८ ले स्पष्ट उल्लेख गरेकाले तथा आदिवासी जनजातिहरुका भाषा, संस्कार, सँस्कृति, परम्परागत ज्ञान, सिप, लोक अभ्यास एवं प्रथाजनित न्यायिक प्रणाली तथा संस्थाहरु वैयक्तिक नहुने र नमानिने भएकाले । |
| | **(६) आदिवासी जनजातिहरुलाई आफ्नो स्वशासित भूमिमा राजनैतिक अग्राधिकार हुनेछ ।** | सन् १९६६ को आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तराष्ट्रिय अनुबन्ध, नागरिक तथा राजनैतिक अधिकारको अन्तराष्ट्रिय अनुबन्धको धारा १, सन् १९८९ |

| | | |
|---|---|---|
| | | को अन्तराष्ट्रिय श्रम संगठनको अभिसन्धी नं. १६९ तथा संयुक्त राष्टसंघीय आदिवासी अधिकारको विश्व घोषणापत्र सन् २००७ को धारा ३ र ४ ले सो अधिकारको प्रत्याभूति गरेको तथा नेपालका आदिवासी जनजातिहरुको स्वायत्त र स्वशासित भएर बस्ने आकांक्षा भएकाले, सो को व्यवस्थापन अन्तराष्ट्रिय अभ्यासमा सोही अनुसार हुँदै आएको उदाहरणका लागि छिमेकी देश भारतको छैठौ अनुसूचि (Sixth Schedule) ले पनि सो व्यवस्था गरेकाले सोही अनुरुप छिमेकी देश चीन लगायत अन्य थुप्रै देशहरुमा सो अभ्यास भएकाले साथै आदिवासी जनजातिहरुलाई अतितमा लामो काल सम्म विभेद, अन्याय र दमन गरिएकाले त्यसको क्षतिपूर्ति गर्न, लामो कालसम्मको वंचितीकरणको परिणाम स्वरुप पछाडि पारिएकाले प्रभुत्वशाली समूहको समान स्तरमा ल्याउन र सारभूत समानता स्थापित गर्न, अवसरमा समानता र उपलव्धीमा समानता संगसंगै लगि समन्याय कायम गर्न, आफ्नो भूमिमा आफ्नै शासन कायम गरि लोकतन्त्रलाई मजबूत बनाउन राजनौतिक अग्राधिकारको व्यवस्था गर्न आवश्यक रहेकाले । |
| | **(७) आदिवासी जनजातिहरुलाई उनीहरुका परम्परागत भूमि, प्राकृतिक श्रोत तथा जैविक विविधतामा पहुँच, नियन्त्रण, स्वव्यवस्थापन गर्ने तथा परम्परागत ज्ञान, सिप र अभ्यासको संरक्षण संबर्द्धन तथा प्रयोग गर्ने एवं समन्यायिक लाभ प्राप्त गर्ने हक हुनेछ ।** | आइ एल ओ महासन्धी १६९, सन् १९९२ मा भएको जैविक विविधता महासन्धी तथा संयुक्त राष्ट संघको विश्व आदिवासी घोषणापत्र २००७ अनुसार र आदिवासी जनजातिहरुका न्यायोचित माग अनुसार यस्तो अधिकारको व्यवस्था गर्नू आवश्यक भएकाले । |
| | **(८) देशको सम्पूर्ण श्रोत साधन र सेवाहरुमा आदिवासी** | नेपालको कूल जनसंख्याको ४० प्रतिशत |

| | | |
|---|---|---|
| | **जनजातिहरुको समानुपातिक पहुँचको हक हुने छ ।** | जनसंख्या आदिवासी जनजातिको भएकाले, सबै जातजाति, आदिवासी जनजाति तथा क्षेत्र र वर्गका जनतामा आर्थिक वितरणलाई समन्यायिक बनाउनुपर्ने भएकाले, त्यसो गरेर मात्र समतामुलक समाजको निर्माण गर्न सकिने भएकाले । |
| | **(९) आदिवासी जनजातिहरुलाई आफ्नो मातृभाषा र लिपिमा निःशुल्क शिक्षा प्राप्त गर्ने, शिक्षण संस्था संचालन गर्ने, राज्यको सरकारी कामकाज तथा अड्डा अदालतमा आफ्नो मातृ भाषा प्रयोग गर्न पाउने, आफ्नो मातृभाषामा सूचना हासिल गर्न पाउने तथा आफ्नो परम्परागत ( प्रथाजन्य) कानून एवं न्यायिक प्रणाली र न्यायिक संस्थागत संरचनाहरु कायम राख्ने तथा अभ्यास गर्ने हक हुनेछ ।** | माथिका उपरोक्त व्यवस्थाहरुका अलावा नेपालमा लामो समयदेखि भाषामा रहेको विभेदका कारण भाषाहरु विलयन हुँदै गएको, मुलुकको विविधताको रक्षा गर्नु राज्यको दायित्व भएको, भाषामा रहेको विभदको अन्त गर्दै समान अधिकार स्थापना गर्नु जरुरी भएको, भाषाकै कारण आदिवासी जनजातिहरुका बालबच्चाले प्राथमिक तहबाटै विद्यालय छोड्न बाध्य हुनुपरेको जस्का कारण उनीहरुको विकासका ढोकाहरु बन्द भएको, सरकारको कामकाजी भाषाको रुपमा प्रयोग नहुँदा भाषा पढ्नुको उपादेयता नहुने भएको, आदिवासी जनजातिहरु आफ्नै परम्परागत कानूनद्धारा सन्चालित हुने र सो सन्चालन गर्ने उनीहरुका आफ्नै परम्परागत न्यायिक संस्थाहरु हुने गरेकाले, त्यसलाई राज्यले संरक्षण र सम्बर्द्धन गर्नुपर्ने भएकाले । |
| | **(१०) आदिवासी जनजातिहरुलाई आफ्नो भौतिक तथा अभौतिक साँस्कृतिक सम्पदाको संरक्षण गर्ने, आफ्नो परम्परागत संस्कृति, ज्ञान, सिप, कला, साहित्य, लोक परम्परा र सोसँग जोडिएर आउने बौद्धिक सम्पति र सोको संरक्षण संवर्द्धन, नियन्त्रण तथा अवलम्बन गर्ने हक हुनेछ ।** | सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणा, सन् १९६६ को आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध, आइ एल ओ १६९ तथा संयुक्त राष्ट संघीय आदिवासी अधिकारसम्बन्धी विश्व घोषणापत्र २००७ द्वारा प्रबर्द्धित अधिकार भएको तथा आदिवासी जनजातिका यी अधिकारहरु अनतिक्रम्य अधिकारहरु जस्का कारणले उनीहरुको पहिचान, सभ्यता  आदि पुस्तान्तरण हुने भएकाले । |
| | **(११) गैर आवासीय आदिवासी जनजातिहरुलाई उनीहरुले चाहेमा** | |

| | | |
|---|---|---|
| | **कानुनमा व्यवस्था भए बमोजिम दोहोरो नागरिकता प्राप्त गर्ने हक हुनेछ ।** | |
| | **(१२) राज्यका कुनैपनि निकायले आदिवासी जनजातिहरुलाई प्रभावित पार्ने तथा उनीहरुका सरोकारका विषयमा कुनै पनि निर्णय वा कार्य गर्दा आदिवासी जनजातिहरुको परामर्श, स्वतन्त्र र पूर्व सुसूचित सहमति (Free and Prior Informed consent) अनिवार्य हुनेछ ।** | आइ एल ओ महासन्धि १६९ अनुसार आदिवासीहरुलाई प्रभाव पार्ने वा असर गर्ने कुनै पनि कार्यगर्दा उनीहरुको परामर्श लिनुपर्ने तथा सन् १९९२ मा भएको जैविक विविधता महासन्धी तथा संयुक्त राष्ट संघको विश्व आदिवासी घोषणापत्र २००७ अनुसार उनीहरुको स्वतन्त्र र पूर्व सुसूचित सहमति लिनु अनिवार्य भएकाले, साथै, जैविक विविधता महासन्धी CBD नेपालका लागि बाध्यकारी र सो अनुसार नेपालमा कानून बनाउनुपर्ने व्यवस्था भएको र सो अनुसार विधेयक बनाउने प्रक्रिया पनि शुरु भइसकेकाले । |
| | **(१३) यस संविधान र कानुन तथा अन्तराष्ट्रिय महासन्धि तथा घोषणापत्रले व्यवस्था गरेका आदिवासी जनजातिको व्यक्तिगत तथा सामूहिक हकहरु अहरणीय, अविभाज्य र अनतिक्रम्य छन् र राज्यलेतिनको सुनिष्चितता, संरक्षण र सम्वर्द्धन गर्नेछ । कानुनको अभाव वा कुनै कारणमा यी हकहरुको उपेक्षा गर्न पाइने छैन ।** | मौलिक अधिकारको व्यवस्थाको साथै तिनको प्रचलनको सुनिच्तितताको स्पष्ट व्यवस्था हुनु जरुरी छ । वोलेभिया, इक्वेडर लगायतका देशहरुमा व्यक्ति र समूहको आधारभूत अधिकारहरु (मौलिक हक आदि) को स्पष्ट व्यवस्था, तिनका प्रचलन र संरक्षणका लागि आवश्यक व्यवस्था स्पष्ट रुपमा उल्लेख गरिने परम्परा स्थापित भएका छन् । नेपालका आदिवासी जनजातिहरु निरन्तर रुपमा आफ्ना अधिकारहरुवाट वंचित गरिएका, संविधान र कानुनले दिएको अधिकार उपभोग गर्न नसक्ने स्थितिमा रहेकाले यस्तो व्यवस्था गर्न आवश्यक भएकाले । |

माननीय सभासदज्यूहरुको हस्ताक्षर :

| क्रम. | सभासदहरुको नाम | हस्ताक्षर |
|---|---|---|
| | | |
| | | |
| | | |

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |